


{ पुनर्निर्माणका लागि आवश्यक पर्ने काठ टिम्बर कर्पोरेसनले उपलब्ध गराउनुपर्नेछ। पुरातत्व विभागको इस्टिमेटअनुसार करिब ९ करोड रुपियाँबराबरको काठ लाग्नेछ।

# काष्ठमण्डप पुनर्निर्माणका लागि सम्झौता

ईश्वरराज ढकाल, काठमाडौं



२ वर्षमा निर्माण सम्पन्न गर्ने गरी काष्ठमण्डप पुनर्निर्माणका लागि सम्झौता भएको छ। प्रदेश सांसद राजेश शाक्यको अध्यक्षतामा गठित ५५ सदस्यीय पुनर्निर्माण समिति र काठमाडौं महानगरपालिकाबीच मंगलबार सहमति भएको हो। समितिको उपाध्यक्षमा तेजरत्न ताम्राकार, सचिवमा गौतम डंगोल र कोषाध्यक्षमा अशोकरत्न बज्राचार्य रहनुभएको छ।

सम्झौतामा काठमाडौं महानगरपालिकाका तर्फबाट सहसचिव राजेश्वर ज्ञवाली र समितिका अध्यक्ष प्रदेश सांसद शाक्यले हस्ताक्षर गर्नुभएको छ। विभिन्न समितिमा काठमाडौंका सांसद, विज्ञ, वडाअध्यक्ष, विभिन्न गुठीलगायतका संस्था राखिएको छ।

भूकम्पले ध्वस्त भएको काष्ठमण्डप पुनर्निर्माण गर्ने विषयमा पटक-पटक छलफल भएको थियो। स्थानीय जनताको सहभागितामा गठित काष्ठमण्डप पुनर्निर्माण समिति र काठमाडौं महानगरपालिकाबीच सहमति भएपछि काष्ठमण्डप पुनर्निर्माण शुरू भएको हो।

सहमतिलगत्तै काठमाडौं महानगरपालिकाले पहिलो किस्ताबापत ५० लाख रुपियाँ हस्तान्तरण गरेको छ। करिब १९ करोड ७५ लाख रुपियाँ लागतमा पुनर्निर्माण हुने काष्ठमण्डप पुनर्निर्माण गर्न कामपा कार्यपालिकाको जेठ २४ गते बसेको बैठकले निर्णय गरेलगत्तै सम्झौता भएको हो। १२ बुँदे सम्झौताअनुसार सांस्कृति सम्पदा तथा पर्यटन मन्त्रालय, पुनर्निर्माण प्राधिकरण, पुरातत्व विभागसमेतको राय परामर्शमा काठमाडौं महानगरपालिकाको रणनीतिक नेतृत्वमा सरकारी तथा नागरिक संघसंस्थाको सहयोग र सहभागितामा पुनर्निर्माण गरिने उल्लेख छ।

देशको प्रतीकका रूपमा रहेको काष्ठमण्डप पुनर्निर्माण कार्य गर्दा काष्ठमण्डपको पुरातात्विक, ऐतिहासिक तथा प्राचीन महत्त्वलाई पूर्ववत् रहने गरी नक्सा डिजाइन, ड्रइङ गरी पुरातत्व विभागबाट स्वीकृत भएबमोजिम पुनर्निर्माण गर्नुपर्ने उल्लेख गरिएको छ। काष्ठमण्डप पुनर्निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य व्यक्ति संघसंस्थासमेतबाट आर्थिक स्रोत जुटाउनुपर्ने व्यवस्था गरेको छ।

पुनर्निर्माणका लागि आवश्यक पर्ने काठ टिम्बर कर्पोरेसनले उपलब्ध गराउनुपर्नेछ। पुरातत्व विभागको इस्टिमेटअनुसार करिब ९ करोड रुपियाँबराबरको काठ लाग्नेछ। कामपा हनुमानढोका दरबार संरक्षण कार्यक्रम प्रमुख उदय पसखलले १२ करोड रुपियाँबराबरको काठ लाग्ने जानकारी गराउनुभयो। उहाँका अनुसार काष्ठमण्डप पुनर्निर्माण गर्न १३ हजार क्युफिट काठ लाग्नेछ। उक्त काठमध्ये केही काष्ठमण्डपको पुरानै काठ प्रयोग गरिनेछ।

काठमाडौं महानगरपालिकाका मेयर विद्या सुन्दर शाक्यले २ वर्षभित्र काष्ठमण्डप पुनर्निर्माण कार्य सम्पन्न हुने बताउनुभयो।

काष्ठमण्डप पुनर्निर्माण गर्न मेयर शाक्यको अध्यक्षतामा १६ सदस्यीय निर्देशक समिति, ७ सदस्यीय विज्ञ समूह, १० सदस्यीय सल्लाहकार समूह गठन गरिएको छ। समितिको निर्देशनअनुसार पुनर्निर्माण समितिले काम गर्नुपर्ने भएको छ।

प्रथम पक्षबाट उपलब्ध भएको आर्थिक अनुदानको रकम खर्च भएको विस्तृत विवरण दोस्रो पक्षले प्रथम पक्षलाई उपलब्ध गराउनुपर्नेछ। पुन: आर्थिक अनुदान उपलब्ध गराउनुपूर्व अघिल्लो अनुदान रकम खर्च भएको विवरण प्रथम पक्षसमक्ष पेस गरिसक्नुपर्नेछ। दोस्रो पक्षले आवश्यकताका आधारमा काष्ठमण्डप पुनर्निर्माणलाई व्यवस्थितरूपमा कार्य सम्पादन गर्न विभिन्न विषयगत उपसमिति तथा सचिवालय गठन गर्नुपर्नेछ। यस्तै विषयगत उपसमिति र सचिवालयमा आवश्यकताका आधारमा विषयविज्ञ कर्मचारी नियुक्त गर्न वा समिति/उपसमितिका सदस्यमध्येबाट पूर्णकालीनरूपमा सेवा लिने गरी विषेशज्ञ तोक्न सकिने व्यवस्था गरिएको सम्झौतामा उल्लेख छ।

## शैक्षिक अवस्था सुधार्न ४ समिति गठन

काठमाडौं, (नेस)

पछिल्लो शैक्षिक अवस्थाका विषयमा सरकारले विभिन्न ४ वटा समिति गठन गरेको छ। चिकित्सा शिक्षाको एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने निर्णयका लागि प्रक्रिया अघि बढाइएको छ।

यसका लागि नीति तथा मापदण्ड निर्धारण गरी परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न चिकित्सा शिक्षा आयोगका सदस्य प्राडा जगदीशप्रसाद अग्रवालको संयोजकत्वमा ६ सदस्यीय परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति गठन भएको छ।

समितिमा प्राडा सिर्जना श्रेष्ठ, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सदस्य, त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगन्जका परीक्षाप्रमुख, काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साइन्स धुलिखेलका परीक्षाप्रमुख र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका परीक्षाप्रमुख सदस्यलगायत चिकित्सा शिक्षा आयोगका उपसचिव तुलसीप्रसाद आचार्य सदस्यसचिव रहनुभएको छ।

त्यस्तै सरकारले चिकित्सा शिक्षा आयोगका सदस्य प्राडा धर्मकान्त बाँस्कोटाको संयोजकत्वमा ५ सदस्यीय शिक्षण संस्थाको 'सिट संख्या निर्धारण समिति' गठन गरेको छ। समितिमा काठमाडौं विश्वविद्यालय, स्कुल अफ मेडिकल साइन्सका डीन प्राडा राजेन्द्र कोजु, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्ष प्राडा गुरु खनाल, त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानका प्राडा राजेन्द्र गुरागाईं सदस्य रहनुभएको छ। कार्यदयको सदस्यसचिवमा चिकित्सा शिक्षा आयोगका सचिव लालजंग रहनुभएको छ।

मन्त्रालयले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी व्यवस्थामा सुधार गर्न प्राडा प्रमोद श्रेष्ठको संयोजकत्वमा कार्यदल गठन गरेको छ। कार्यदलका सदस्यमा डा सुनीलबाबु श्रेष्ठ, डा राजेन्द्र अधिकारी, प्राडा टंकनाथ शर्मा र मन्त्रालयका सहसचिव डा हरि लम्साल रहनुभएको छ। शिक्षा, विज्ञान प्रविधि मन्त्रालयका उपसचिव डा मुकुन्दमणि खनाललाई सदस्यसचिव तोकिएको मन्त्रालयले जनाएको छ।

विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित संस्थाको प्रभावकारी अनुगमन, मूल्यांकन, परीक्षा प्रणालीलगायतका विषयमा अध्ययन र विदेशी विश्वविद्यालयका सम्बन्धनमा सञ्चालन भएका शैक्षिक कार्यक्रमको समकक्षताका सम्बन्धमा उपयुक्त विधि र प्रक्रियालगायतका विषयमा उपयुक्त सुझाव पेस गर्न प्राडा यादवराज कोइरालाको संयोजकत्वमा कार्यदल गठन गरेको छ।

७ सदस्यीय कार्यदलका सदस्यसचिवमा मन्त्रालयका सहसचिव सूर्यप्रसाद गौतम रहनुभएको छ। मन्त्रीस्तरबाट भएको निर्णयअनुसार कार्यदललाई २ महिनाको कार्यावधि दिइएको मन्त्रालयका प्रवक्ता सहसचिव वैकुन्ठ अर्यालले जानकारी दिनुभयो।

## हिउँ चितुवाबारे तेस्रो बैठक किर्गिस्तानमा

नेपाल समाचारपत्र

काठमाडौं



दुर्लभ जन्तु हिउँ चितुवा पाइने मुलुकका मन्त्री र अन्य सरकारी अधिकारी संलग्न 'ग्लोबल स्नो लियोपार्ड एन्ड इकोसिस्टम प्रोटेक्सन प्रोग्राम' (जीएलएसईपी) को बैठक भोलि बिहीबारदेखि किर्गिस्तानमा शुरू हुँदैछ।

प्राकृतिक बासस्थानमा हिउँ चितुवाको संख्या पहिचानका लागि गणना विधि बनाउने, एक अर्को मुलुकबीच समन्वय र हातेमालो बढाउने एजेन्डाका साथ तेस्रो बैठक तय भएको हो। गतवर्ष काठमाडौंमा सम्पन्न दोस्रो बैठकपश्चात् नेपाल जीएलएसईपीको अध्यक्ष राष्ट्र बनेको छ। सोही आधारमा बैठकको अध्यक्षता नेपालले गर्नेभएको छ।

२ दिने बैठकमा सहभागी हुन वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतको नेतृत्वमा मन्त्रालयका सह-सचिव डा महेश्वर ढकाललगायतको टोली मंगलबार किर्गिस्तान प्रस्थान गरेको छ। यसअघि हिउँ चितुवा पाइने विभिन्न १२ मुलुकले आ-आफ्ना मुलुकका विभिन्न स्थानलाई समेटेर २३ वटा भू-परिधि क्षेत्र पहिचान गरिसकेका छन्।

नेपालसहित अफगानिस्तान, भुटान, चीन, भारत, काजाकिस्तान, किर्गिस्तान, मंगोलिया, पाकिस्तान, रुस, ताजाकिस्तान, उज्वेकिस्तानमा हिँउ चितुवाको चहलपहल हुने गरेको छ। तेस्रो बैठकले संरक्षणमा भइरहेका प्रयास, अनुभव आदानप्रदान, बढ्दो हिउँ चितुवा-मानव द्वन्द्व न्यूनीकरण, बासस्थान र आहारा व्यवस्थापन, अवैध चोरी सिकारी नियन्त्रण र संरक्षणमा भावी रणनीति तय गर्ने बताइएको छ।

## युवा अभियन्ता छनोट

काठमाडौं, (नेस)

दायित्वले नवयुवा अभियन्ता छनोट गरेको छ। दायित्वले युवा रोजगारीसँग सम्बन्धित मुद्दामा पैरवी गर्न सक्ने नवयुवा अभियन्ताको नाम छनोट गरेको हो।

छनोटमा परेका युवामा शिक्षित भट्ट, रोहितकुमार मारवाडी, फुर्पा शेर्पा, श्रीजंग राई, मेधा शर्मा, महेश दाहाल, डा जितेन्द्र उपाध्याय रहनुभएको छ। यस्तै भावना खतिवडा, पूजा पौडेल र मेघुना लामा पनि उत्कृष्ठ युवामा छनोट हुनुभएको संस्थाकी सञ्जु पौडेलले जानकारी दिनुभयो।

**सम्वत् २०७१ सालको मु. नं. DP- १२१८ र CP- ०४७०**

**उच्च अदालत जनकपुर, राजविराज ईजलास बाट पुन. जारी भएको विदेश भारत जयनगर न.पा. घर भई हाल जिल्ला सिराह न.पा. वाडा नं. ४ हाल वडा नं. २ बस्ने कन्हैयालाल साह, ऐ.ऐ. बस्ने द्रोपती देवी, ऐ.ऐ. बस्ने लालप्रसाद गुप्ता र ऐ.ऐ. बस्ने श्यामलाल साहका नाउको सूचना............।**

उप्रन्त पुनरावेदक/वादी विदेश भारत जयनगर न.पा. घर भई हाल जिल्ला सिराह सिराह न.पा. वाडा नं. ४ हाल वडा नं. २ बस्ने हिरालाल साह र प्रत्यार्थि/प्रतिवादी तपाईहरु समेत भएको DP- १२१८ को ईतलायनामा तामेली म्याद बदर, फैसला वदर र CP- ०४७० को किर्ते जालसाज मुद्दामा यस अदालत बाट मिति २०७४/०१/११ गते मुलुकी ऐन अ.बं. २०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ६४(२) को प्रयोजनार्थ छलफलका लागि प्रत्यर्थीहरु झिकाउने आदेश भएकाले तपाईहरुका नाउमा यो सूचना जारी गरी पठाईएको छ। यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र उक्त मुद्दामा आफनो सबुत प्रमाण भए लिई तपाई आफै, वा कानुन बमोजिम आफनो प्रतिनीधी मार्फत यस अदालतमा उपस्थित हुन आउनु होला। उक्त म्याद भित्र उपस्थित नभई म्याद गुजारी बसेमा कानून बमोजिम हुनेछ, पछि तपाईंको कुनै उजुर लाग्ने छैन

इति सम्वत्२०७५ साल जेठ २९ गते रोज ३ शुभम्......।



सरकारले गरेको मूल्यवृद्धिको विरोधमा नेपाल विद्यार्थी संघका नेता कुन्दन काफ्ले नेतृत्वको समूहले गोंगबु चोकमा प्रधानमन्त्री ओलीको पुत्ला दहन गर्दै। तस्वीर : उजोल डंगोल/ काठमाडौं।

**सूर्य विनायक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सूर्यविनायक, भक्तपुर
३ नं. प्रदेश, नेपाल

**नगर क्षेत्रमा रहेका सार्वजनिक/पर्ति जग्गा उपयोगका लागि प्रस्ताव पेश गर्ने बारेको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/०२/३०


स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सूर्यविनायक नगर पालिकाको आन्तरिक आय संकलन कार्यविधि, २०७५ यस नपाको सार्वजनिक र पर्ति जग्गा संरक्षण र उपयोग कार्यविधि २०७५, यस नगरपालिकाको राजस्व परामर्श समितिको सिफारिस एवं कार्यालयको निर्णयानुसार नगरपालिकाको देहायका स्थानहरुमा रहेको देहाय बमोजिमका सार्वजनिक जग्गाहरुको उचित संरक्षण र उपयोग गरी नगरपालिकाको तपसिलका जग्गाहरुमा गरिने कार्यको विवरण सहितको प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्महरुले यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाटी र वेवसाईट (www.suryabinayakmun.gov.np) राखिएको छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र यस नपा कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पेश भएको प्रस्ताव नगरपालिकाबाट स्वीकृत भएपछि कार्यान्वय प्रक्रिया अगाडी बढाईने छ।

**१. प्रयोगका लागि प्रस्ताव माग गरिएको जग्गाको विवरण**

| क्र.स. | जग्गा रहेको स्थान | जग्गाको कुल क्षेत्रफल | जग्गाको प्रयोग |
|---|---|---|---|
| १ | सूनपा वडा नं १० | ९-८-३-३, ०-१२-०-० | प्राकृतिक सौन्दर्य बढाउने रमणीय पार्क/उद्यान, विश्राम स्थल |

सूर्यविनायक नगरपालिका

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकडभिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धन नोक्सानी, मानसिक चञ्चलता, आँखामा समस्या।
**वृष** : उत्तम भोजन, गिफ्ट पाइने सम्भावना, भाग्य चम्किने।
**मिथुन** : नोक्सानी, राम्रै बोले पनि उल्टो अर्थ लाग्ने, स्वास्थ्य समस्या।
**कर्कट** : धन वा सेवा-सहयोग प्राप्ति, सुख-सन्तोष, मन प्रफुल्लित।
**सिंह** : सुख-सन्तोष, हर्षविभोरका साथै गरेको काममा सफलता।
**कन्या** : राजनीतिज्ञबाट भय, इज्जतमा धक्का, कष्टदायक यात्रा।
**तुला** : रोगव्याधिले शिथिलता, आकस्मिक खर्च, काममा असफलता।
**वृश्चिक** : आर्थिक लाभ, समस्याको समाधान, अधुरा कार्य पूरा।
**धनु** : द्रव्यलाभ, खेलकुद, पठनपाठन, परीक्षामा सफलता, सुख।
**मकर** : अपचजस्तो समस्याले सताउला, आलस्यता, कार्य बाधा।
**कुम्भ** : परिवारमा विवाद, झाडापखालाको सम्भावना, दौडधुप।
**मीन** : पैसा प्राप्ति, सम्मान, ठूलै उपलब्धिको सम्भावना।